# सारांश

## १. पृष्ठिभूमि

आधारभूत सर्वेक्षण भन्नाले कुनै पनि ठाँउको प्रमुख तथा त्यस स्थानको आधारभूत सूचना संकलन गर्ने प्रक्रिया हो । कुनै पनि ठाँउ विकासको लागि त्यस स्थानको विस्तृत जानकारी अपरिहार्य हुन्छ । जानकारीको विषयमा कुरा गर्दा त्यस स्थानको विभिन्न विषयवस्तु तथा क्षेत्रको गुणात्मक तथा सङ्ख्यात्मक सूचनाको वैज्ञानिक व्यवस्थापनले, विकास कार्यहरुको लागि उचित मार्ग निर्देशन दिन सक्दछ । त्यसैको यस आमाछोदिङ्मो गाउँपालिका (गाउँपालिका)मा नेपालको प्रसाशनिक नयाँ संरचना निर्माण भए पश्चात, यस स्थानको पूर्णरुपले चित्रण गर्ने सक्ने पर्श्वचित्र दस्तावेज निर्माण गर्न यस आमाछोदिङ्मो गाउँपालिका ले जरुरी महसुस गरी यो कार्य अगाडि बढाएको हो ।

## २. आमाछोदिङ्मो गाउँपालिकाको परिचय

रसुवा जिल्लाको आमाछोदिङ्मो पाँचौं गाउँपालिका हो । यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाले ६८२.२३ वर्ग कि.मि. क्षेत्र रहेको छ । यो गाउँपालिका साविकका गा.वि.स.हरु हाकु (वडा नं. १-७), गत्लाङ्ग, चिलिमे र गोल्जुङ्लाई समावेश गरिएको बनेको छ ।

## ३. कार्यविधि

आधारभूत सर्भेक्षणका लागि मूलतः प्रश्नावली विधिको प्रयोग गरिएको थियो । आमाछोदिङ्मो गाउँपालिकामा रहेका सबै परिवारसँग प्रश्नावली सर्भे गरिएको थियो । सर्वेक्षणमा गुणस्तरता ल्याउन स्थानीय गणकहरुलाई ४ दिन अभिमुखिकरण तालिम प्रदान गएिको थियो । अभिमुखिकारण कार्यक्रममा यस सर्वेक्षणको महत्व र उद्देश्यहरु स्पष्ट पारिएको थियो । गणकहरुलाई सर्वेक्षण अवधि भरि ध्यान दिनुपर्ने मुल विषयहरु जस्तै सूचना संकलन, सुचनाका किसिमहरु, सम्बन्ध विस्तार, प्रश्नावली तथा गणकको नैतिक जिम्मेवारीहरुमा गहन छलफल गरिएको थियो । प्रश्नावली सर्वेक्षणसगैं सरोकारवालाहरुसँगको अन्तवार्ता र प्रकाशित तथा अप्रकाशित दस्तावजेहरुको पुनरावलोकन पनि गरिएको थियो ।

## ४. जनसङ्ख्या

यस गाउँपालिकामा जम्मा १७२६ घरधुरीहरुमा पुरुष ३८५५ जना, महिला ३४९३ जना र अन्य ४ जना गरी कुल ७३५२ जनसङ्ख्या रहेको पाइएको छ । महिला र पुरुषको अनुपात ०.९१ रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ६८२.२३ वर्ग कि.मि भएसँगै जनघनत्व १०.८ जना प्रति वर्ग कि.मि रहेको छ । जातिगत रुपमा यस स्थानमा तामाङ् जातिहरुको बाहुल्यता रहेको छ ।

यस स्थानमा कुल जनसङ्ख्याको १३.५ प्रतिशत अर्थात ९९० जना आफ्नो विगत ६ महिला भन्दा वढि समय देखि अनुपस्थित पाइएको छ । ती अनुपस्थितहरु रसुवा जिल्ला भन्दा बाहिरनै बस्ने गरेका छन् । आफ्नो घर छाडि बाहिर बस्नेहरुमध्ये १८.८ प्रतिशत रोजगारीको र ७३.१ प्रतिशत अध्ययनको लागि बाहिर बस्ने रहेका छन् । दस वर्ष भन्दा माथिका उमेर भएकाहरुलाई विवाह

हुनसक्ने उमेर मानिएको छ । यसको आधारमा यस स्थनामा ५६.२ प्रतिशत विवाहित र ३१.५ प्रतिशत अविववाहित पाइएको छ ।

## ५. स्वास्थ्य, खानेपानी तथा सरसफाईको अवस्था

यस गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्ने वडामा एउटा स्वास्थ्य चौकी रहेको छ । यस स्थानमा कुल घरधुरीहरुमध्ये २४६ परिवारमा कम्तिमा एक जनालाई दीर्घ रोग लागेको पाइएको छ । विभिन्न किसिमको दीर्घरोगहरुमध्ये उच्च रक्तचाप रोगलागेकाहरु अत्याधिक रहेको छ । विगत ५ वषैमा ६ जना बालबालिकाहरुको मृत्यु भएको छ । बालबालिकको मृत्यु हुनुको कारणमा दुर्घटना मा २ जना, दम, टाइफाइड, भुकम्पको कारणले १-१ जनाको मृत्यु भएको पाइएको छ ।

त्यस्तै विगत ५ वर्षमा ५ वर्ष मुनिका बालबालिकाहरुमध्ये १६८ जनालाई विभिन्न किसिमको रोगहरु लागेको छ । ती बालबालिकाहरुमा सबैभन्दा बढि निमोनिया (६१.९ प्रतिशत) र त्यसपछि झाडापखाला (२९.८ प्रतिशत) लागेको पाइन्छ । ती बालबालिकाहरुमध्ये स्वास्थ्य उपचारको लागि ८१.५ प्रतिशतले स्वास्थ्यकर्मीलाई देखाएको, ८.३ प्रतिशतले घरेलु उपचार गरेको र ५.९ प्रतिशतले धामी झाक्रिकोमा उपचारको लागि लगेको पाइएको छ । विगत ५ वर्षमा सुत्केरी भएका आमाहरु ७९३ रहेको र ७७८ जना हाल परिवारसँग रहेको छ भने ३ जनाको मृत्यु भएको छ । परिवारसँगै भएका आमाहरुमध्ये ६२.१ प्रतिशत घरमै र ३.१ प्रतिशत अन्य बाहिर स्थानमा सुत्केरी भएका पाइएको छ ।

यस गाउँपालिकामा ९७.९ प्रतिशत परिवारहरुमा पाइपबाट खानेपानी वितरण भएको छ । पाइपबाट वितरण भएको खानेपानीमध्ये ६४.१ प्रतिशत परिवारको पानी सार्वजनिक पाइपको लाइन भएको र २६ प्रतिशत परिवारले निजि धारा प्रयोग गर्ने गरेको देखिन्छ । लगभग ७४.३३ प्रतिशत परिवारलाई वर्षभरि खानेपानीको पानी उपलब्ध भएको छ । यस स्थानमा खानेपानी पिउनु अघि शुद्धिकरण गर्नेहरुको घरधुरी ६१.३ प्रतिशत रहेको देखिछ । खानेपानी शुद्धिकरण गर्ने विधिमा उमाल्ने विधिको प्रयोगकर्ताहरु बढी रहेको छ । सामान्य कपडाले मात्र छान्नेहरु३.४ प्रतिशत (३६घ.धु.) रहेको छ ।

यस गाउँपालिकामा ८६.२ प्रतिशत परिवारको घरमा शौचालय भएको देखिन्छ । बनेका शौचायहरुमध्ये ३ प्रतिशत परिवारमा खाल्डे चर्पी, ९४.४ प्रतिशत पानी हाल्ने चर्पीरहेका छन् । कुल घरधुरी सङ्ख्यामध्ये ७७.५ प्रतिशत परिवारकोमा मात्र चर्पी अगाडि साबुन पानीको व्यवस्था हुने गरेको छ ।

हालको समयमा यस गाउँपालिकामा २४२ घरधुरीमा विभिन्न किसिमको अपाङ्ता भएका मानिसहरु रहको पाइएको छ । त्यसमध्ये सबैभन्दा बदी शारीरिक अपाङ्ता भएकाहरु ३२ प्रतिशत रहेको छ । अपाङ्गताको किसिमअनुसार रातो परिचयपत्र पाउने १३ जना, निलो पाउने १२ जना, पहेलो पाउने ३ जना, सेतो पाउने २० जना र अपाङ्गता परिचय पत्र पाउन बाँकि १९४ जना रहेको पाइएको छ ।

## ६. शिक्षा तथा साक्षरता

यस गाउँपालिकामा ५७.३६ प्रतिशत साक्षरता रहेको छ। तर अहिलेसम्म विद्यालयमा ५९.१ प्रतिशत मानिसहरु भर्ना भएको पाइएको छ। यस स्थानमा विद्यालय जान नपाउनु र पढाईको र बिचमै विद्यालय छाड्नुको प्रमुख कारणमा अभिभावकले नपठाएको भन्ने देखिएको छ।

## ७. सामाजिक अवस्था तथा आर्थिक

यस गाउँपालिकामा कुल जनसङ्ख्याको ६०.२७ प्रतिशत मानिसहरु विवाहगरेको पाइएको छ। कुल घरधुरी सङ्ख्याको २२.९४ प्रतिशत परिवारका कुनै एक सदस्य कुनै किसिमको सामाजिक समुह तथा समितिमा आवद्ध भएको पाइएको छ र सबैभन्दा बढी आमा तथा महिला समुहमा आवद्ध भएको पाइएको छ। यस स्थानमा विगत ३ वर्षमा ९३ वटा विवाह भएको र त्यसमध्ये १९ जना पुरुष र ४३ जना महिला १०-१९ वर्ष उमेर समुहका रहेका छन्। ती विवाहहरुमा मागि विवाहनै बढी रहेको पाइएको छ।

यस गाउँपालिकामा कुल जनसङ्ख्यामध्ये ६९०० जना मात्र विभिन्न पेशामा आवद्ध हुन सक्ने मानिएको छ। त्यसमध्ये सबैभन्दा बढी २३७० जना (३४.३५ प्रतिशत) कृषि तथा पशुपालन प्रमुख पेशा रहेको पाइएको छ। त्यस पछि अर्को ठूलो सङ्ख्या विद्यार्थीहरु रहेको छ। मानिसहरुको प्रमुख पेशा जस्तै नै परिवारको प्रमुख आम्दानीको स्रोतमा सबैभन्दा ९७८ परिवार (५६.६६)को आम्दानकिो स्रोत कृषि तथा पशुपालन पाइएको छ। त्यस्तै, जागिर, कृषि मजदुरी, गैर कृषि मजदुरी, अनि वैदेशिक रोजगारी क्रमश आम्दानीको स्रोत रहेको छ। वैदेशिक रोजगारीबाट यस स्थान गत १२ महिनामा रु. १२,८०३,०००.००/- विप्रेषण भित्रिएको छ।

यस स्थानमा २३.२९ प्रतिशत परिवारकोमा परिवारको स्वामित्वमा जग्गा नरहेको पाइएको छ। जग्गा जमिन नहुनुमा ऐलानि जग्गा बस्दै आएको अंश नपाएको दुईता प्रमुख कारणहरु रहेको छ। हालको अवस्थामा १६ प्रतिशत जमिनमा सिंचाईको सुविधा भएको र ५२.१ प्रतिशत जमिनमा वर्षा मौसममा मात्र सिंचाई भइरहेको छ। कुल घरधुरी सङ्ख्यामध्ये ४५.१ प्रतिशत परिवारले पशुपालन गरेको र सबैभन्दा बढी गाई गोरु पालन गरेको छ। व्यवसायक कुखुरा पालन गर्ने जम्म ९ परिवार रहेको छ।

यस स्थानमा परिवारको खेतिपातिबाट वर्षभरिलाई खाद्य आपुर्ति हुने २४.१ प्रतिशत परिवार र सबैखाले आम्दानीबाट ६९ प्रतिशत परिवार रहेको छ। वर्षभरि खाद्य सुरक्षा नहुने परिवारले वैकल्पिक उपायकोरुपमा प्रमुख रुपमा ऋण लिने गरेको छ भने खानानै कम खानेमा ६३ परिवार पाइएको छ। यस स्थानमा ३७ परिवारमा बाल श्रम भतिएको छ।

## ८. क्षमता विकास

यस गाउँपालिकामा ५१६ घरधुरीमा व्यवसायक तालिम लिएका व्यक्तिहरु पाइएको छ। त्यसमध्ये सबैभन्दा बढी डकर्मीको तालिम प्राप्त गरेका छन्। त्यस पछि क्रमश सिलाई बुनाई, सिकर्मी अनि विद्युतिय सामाग्री मर्मत रहेका छन। तालिम प्राप्तमध्ये ५७.२ प्रतिशत मानिसहरुले मात्र आम्दानी गरिरहेको पाइएको छ। त्यस्ता तालिमहरुमा पुरुषहरुको अत्याधिक ६६.५ प्रतिशत सहभागिता रहेको पाइएको छ। त्यस्तै कृषि तथा पशुपालनसम्कन्धी तालिममा तरकारी खेती र बाख्रा पालन विषयमा

तालिम लिनेहरुको सङ्ख्या अन्य तालिम भन्दा बढी २७.७ प्रतिशत बढी रहेको छ । त्स्ता तालिमहरुबाट आम्दानी गर्नेहरुमा १९.१ प्रतिशत रहेको छ । कृषि तथा पशुपालनसम्बन्धी तालिमहरुमा महिलाहरुको सहभागिताबढी ५१.७ प्रतिशत रहेको छ । जनचेतनासम्बन्धी तालिममा स्वास्थ्यसम्बन्धी सचेतानका तालिमहरु बढीभएको पाइएको छ । यस किसिमको तालिमहरुमा पनि महिलाहरुको नै सहभागित उच्च रहेको छ ।

## मानव अधिकारको अवस्था

यस गाउँपालिकामा १८ वर्ष उमेर नाघेको जनसङ्ख्या २८३१ रहेको छ । त्यस मध्ये ९४.२८ प्रतिशत को जन्मदर्ता गरिएको छ । ती मध्ये ३५ दिन भित्रमा जन्मदर्ता हुनेमा ६६६ जना मात्र रहेको छ । १२ वर्ष देखि १७ वर्ष उमेर समुहका बालबालिकाको विभिन्न निकाय, समुह तथा समितिमा सहभागिता न्यून रहेको छ । ५ वर्ष देखि १७ वर्ष उमेर समुहका बालबालिकाहरुमध्ये ९ जना हाल बाल श्रममा अर्काको घरमा र होटेलमा रहेको पाइएको छ । ती बालश्रममा रहेका बालबालिकहरुमध्ये ३ जनालाई हिंसाको घटनामा गालिगलौजमा परेको देखिन्छ । बालबालिकहरुलाई तिनीहरुले पढ्ने विद्यालय र पढ्ने विषय र रुचिका खेलकुदहरु छान्ने कुरारहरुमा सहभागि गराएको पाइन्छ । यस गाउँपालिकाको कुल घरधुरीमध्ये ३७.१ प्रतिशतलाई मात्र बाल अधिकारबो बारेमा जानकारी रहेको छ ।

नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तामा अपाङ्गता भएका १९ जनाले, वृद्ध भत्ता १९ जनाले र विधवा भत्ता १५८ जनाले, एकल महिला ७८ जनाले, दलित वृद्ध भत्ता ९ जनाले र दलित बालबालिकको पोषणको लागि पोषण भत्ता २ जनाले मात्र पाएको देखिन्छ । हालको समयमा ९७ जना व्यक्तिहरुले विभिन्न किसिमको सामाजिक सुरक्षा भत्ता नपाएको देख्न्छ । त्यस्तै अहिलेको समयमा १८ वर्ष भन्दा माथिका ९३४ जनाको मतादाता नामावली नाम सुचिबद्ध गर्न बाँकि रहेको पाइएको छ ।

## ९. सेवा तथा सुविधामा पहुँच

यस गाउँपालिकामा नेपाल सरकारबाट प्रदान हुने विभिन्न प्रसाशनिक, स्वास्थ्य, सुरक्ष, शिक्षा, वित्तीय सेवा केन्द्र, उपलब्ध रहेकोमा कुल घरधुरीमध्ये गाउँपालिका कार्यालयको अवस्थितिको बारेमा मात्र ६९ प्रतिशतलाई जानकारी रहेको, आफ्नो वडा कार्यालयकोबारेमा ७९ प्रतिशत घरधुरीलाई थाहा भएको अवस्था छ । त्यस्तै अरु सेवाहरुमा पशु सेवा कार्यालयकोबारेमा ५९ प्रतिशतलाई मात्र थाहा भएको पाइएको छ । यस गाउँपालिकामा विभिन्न सेवा तथा सुविधा केन्द्रसम्म आउन र जान पैदल यात्रा गर्नु पर्ने स्थिति रहेको छ ।

## १०. आधुनिक कृषि तथा सेयर व्यवसाय

यस गाउँपालिकाका कुल घरधुरी सङ्ख्याहरुमध्ये २३.९ प्रतिशतले विकासे मल प्रयोग गर्ने गरेको तर ती घरधुरीहरुमध्ये २९.४ प्रतिशतलाई मात्र यसको प्रयोगको जानकारी भएको देखिन्छ । आफ्नो खेतिपातिमा३३.२ प्रतिशत परिवारले मात्र उन्नत बीउ प्रयोग गर्ने गरेको पाइन्छ भने हाईव्रिड बीउ प्रयोग गर्नेमा ४.५ प्रतिशत रहेको छन् ।

त्यस्तै यस स्थानमा ७३.२ प्रतिशत परिवारले आफ्नो खेतबारीमा कुनै पनि किसिमको विषादी प्रयोग नगरेको पाइएको छ भने १८ प्रतिशत परिवारले रासायनिक विषादी मात्र, ०.८ प्रतिशत अर्थात १३ परिवारले रासायननिक र जैविक दुवै विषादी प्रयोग गरेको छ । ती परिवारहरुमध्ये मात्र ३०.३४ प्रतिशत परिवारलाई रासायनिक विषादी प्रयोग गर्ने विधिको जानकारी भएको र २८.१७ प्रतिशतलाईमात्र विषादीको मात्राको जानकारी भएको देखिन्छ । कुल घरधुरी सङ्ख्यामध्ये १४.५४ प्रतिशत घरधुरीले मात्र पशुपंक्षी विरामी हुदाँ उपचार गर्ने गरेको पाइन्छ ।

यस गाउँपालिकामा सेयर व्यवसायमा ६८.४ प्रतिशत परिवारहरु संलग्न भएको पाइन्छ र जलविद्युत आयोजनाको सेयर व्यवसाय प्रमुख सेयर व्यवसायको कम्पनीहरुको रुपमा रहेको छ । यस गाउँपालिकामा जम्मा ४३४५९३ कित्ता सेयर खरिद भएको पाइन्छ ।

| **संक्षेपमा** | |
|---|---|
| गाउँपालिकाको नामः | आमाछोदिङ्मो |
| वडा सङ्ख्याः | ५ |
| जिल्लाः | रसुवा |
| घरधुरी सङ्ख्याः | १७२६ |
| जनसङ्ख्या :<br>पुरुष<br>महिला<br>अन्य<br>जम्मा | <br>३८५५<br>३४९३<br>४<br>७३५२ |
| क्षेत्रफलः | ६८२.२३ वर्ग कि.मि |
| जनघनत्वः | १०.८ प्रतिशत वर्ग कि.मि |
| महिला पुरुष अनुपातः | १.०१ |
| प्रमुख आम्दानीको स्रोतः | कृषि तथा पशुपालन -पहिलो<br>कृषि मजदुरी- दोस्रो |
| आमाछोदिङ्मोमाअनुपस्थित जनसङ्ख्याः | १३.५ प्रतिशत जनसङ्ख्या (९९० जना) |
| प्रमुख खानेपानीको स्रोतः | पाइपबाट वितरण भएको पानी |
| प्रमुख खानेपानी शुद्धिकरण विधिः | उमाल्ने |
| चर्पी भएका घरहरुः | ९४.४ प्रतिशत घर |
| खेतिपाति खाद्य सुरक्षाः | २४.१ प्रतिशत घ.धु. |
| सबै खाने आम्दानीबात खाद्य सुरक्षाः | ६९ प्रतिशत घ.धु. |
| वैदेशिक रोजगारीः | १३२ परिवारबाछ वैदेशिक रोजगारीमा<br>९७ परिवारमा विप्रेषणको रकम पाउने<br>३७ परिवारको प्रमुख आम्दनीको स्रोत |

| | |
|---|---|
| वार्षिक विप्रेषण: | रु. १२,८०३,०००.०० |
| समुह तथा संस्थाहरुमा आवद्ध हुन परिवार: | २२.९४ प्रतिशत घ.धु. |
| साक्षरता प्रतिशत: | ५७.३६ प्रतिशत |
| शैक्षिक संस्थाहरु: | |
| बाल विकास केन्द्र | १४ |
| आ.वि | २० |
| मा.वि | ६ |
| गाउँपालिका बाल श्रमको सङ्ख्या: | यस गा.पा को ९ जना अन्यत्र बाल श्रममा रहेको |
| सामाजिक सुरक्षा भत्ता: | |
| अपाङ्गता भएका व्यक्ति | २४२ जना |
| वृद्धवृद्धा | १९ जना |
| विधवा | १५८ जना |
| एकल महिला | ७८ जना |
| अपाङ्गता रातो परिचय पत्र | १३ जना |
| अपाङ्गता निलो परिचय पत्र | १२ जना |
| अपाङ्गता पहेलो परिचय पत्र | ३ जना |
| अपाङ्गता सेतो परिचय पत्र | २० जना |
| अपाङ्गता परिचय पत्र नभएका | १९४ जना |
| आधुनिक कृषि: | |
| विकास मल प्रयोग | २३.९ प्रतिशत घ.धु. |
| रासायनिका विषादीको प्रयोग | ३१० घ.धु. |
| सेयर सङ्ख्या | ४३४५९३ कित्ता |